# भूमे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ | संख्याः ३३ | मितिः २०७४/१२/१८

## भाग-२

## भूमे गाउँपालिका

## लागत सांझेदारीमा आधारित कार्यक्रम र परियोजना कार्यान्वयन तथा व्यवस्थापन कार्यविधि, २०७४

*कार्यपालिकाबाट स्वीकृत मितिः २०७४।१२।१७*

**प्रस्तावना**

भुमे गाउपालिकाको भौगोलिक कार्यक्षेत्रभित्र संचालन हुने विभिन्न विकास निर्माण, पुर्वाधार विकास, व्यवसाय, उद्योग, शिक्षा, स्वास्थ्य सरसफाईको अवस्था, ढल निकास, बातावरण, सडक विस्तार र सवारी साधनहरूको समुचित व्यवस्थापन, सार्वजनिक सेवामा सर्वसाधारणको सहज पहुँच विस्तार, व्यापार, व्यवसाय र यातायात क्षेत्रको प्रवर्द्धन, पर्यटन प्रवर्द्धन, उपभोक्ताको हक, हित र अधिकारको संरक्षण जस्ता गाउपालिकाका कार्यक्षेत्र भित्र रहेका विभिन्न कार्यक्रमहरूको संचालन तथा व्यवस्थापन एवं नियमन समेत गर्ने उदेश्यले सार्वजनिक खरिद ऐन २०६३ बमोजिम उपभोक्ता समितिमार्फत सोझै कार्यक्रम संचालन गर्न पाईने व्यवस्था अन्तर्गतका गतिविधि, कार्यक्रम तथा परियोजनाहरूको संचालन, व्यवस्थापन तथा नियमनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १५ र दफा ७८ को अनुकुल हुने गरी नेपालको संविधानको अनुसूची ८ अन्तरगतका अधिकारका सूचीहरूको प्रयोग गरी गाउँ कार्यपालिकाको **मिति २०७४।१२।१६** को बैठकबाट पारित लागत साझेदारीमा आधारित कार्यक्रम र परियोजना कार्यान्वयन तथा व्यवस्थापन कार्यविधि २०७४ जारी गरिएको छ।

**परिच्छेद १**
**नाम र परिभाषा**

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(क) यस कार्यविधि को नाम लागत साझेदारीमा आधारित कार्यक्रम र परियोजना कार्यान्वयन तथा व्यवस्थापन कार्यविधि २०७४ रहेको छ।

(ख) यो कार्यविधि क्षेत्राधिकार रहेको क्षेत्र र हदसम्म लागू हुनेछ।

(ग) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) " संविधान" भन्नाले नेपालको मुल कानुन तथा नेपालको संविधान लाई बुझ्नु पर्दछ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई जनाउनेछ।

(ग) "कार्यविधि" भन्नाले लागत साझेदारीमा आधारिध कार्यक्रम र परियोजना कार्यान्वयन तथा व्यवस्थापन कार्यविधि २०७४ बुझ्नुपर्दछ।

(ङ) "स्थानीय सरकार" भन्नाले भुमे गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) "सेवा" भन्नाले व्यवसायिक सेवा, संचार सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, वितरण सेवा, अनौपचारिक शिक्षा सम्वन्धि सेवा, तालिम सेवाहरु, यातायात सेवाहरु, आदि लाई सम्झनु पर्दछ।

(छ) " नियमन समिति" भन्नाले कार्यविधिको दफा ३ बमोजिम गठित समितिलाई जनाउने छ।

(ज) "स्थानीय समिति" भन्नाले कार्यविधिको दफा १३ बमोजिम गठित समितिलाई जनाउने छ।

(ड) “नियम” भन्नाले यस विधान बमोजिम बनी लागू भएको नियमलाई जनाउनेछ ।

(ठ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस कार्यविधि र यस कार्यविधि बनेको नियम वा समितिको आदेशद्वारा तोकिएको वा तोकिए बमोजिमको भन्ने जनाउनेछ ।

(ढ) “कार्यकाल” भन्नाले कार्यविधि बमोजिम गठित समितिहरुको कार्य अवधि जनाउनेछ ।

ञ) “बलियो नयाँ कानून” भन्नाले कार्यविधिलाई नियमावलीले नियमावलीलाई ऐनले र ऐनलाई संविधानले नियन्त्रण गर्ने विधिको शाषण बुझ्नु पर्दछ ।

## परिच्छेद–२

## नियमन समितिको गठन तथा काम कर्तव्य र अधिकार

**३) नियमन समितिको गठन :**

क) भुमे गाउँपालिकाले लागत साझेदारीमा आधारित कार्यक्रम तथा परियोजनाहरुको विकास, अनुगमन, नियमन, नीति निर्माण गर्न र व्यवस्थापन गर्न एक नियमन समितिको देहाय बमोजिम हुने गरी गठन गरिने छ ।

| | |
|---|---|
| १) गाउपालिका अध्यक्ष | संयोजक |
| २) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३) पुर्वाधार विकास समितिका संयोजक | सदस्य |
| ४) आर्थिक विकास समिति संयोजक | सदस्य |
| ५) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**४) नियमन समितिको काम कर्तव्य र अधिकार :**

(क) कार्यक्रम तथा परियोजना व्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समीक्षा गर्ने ।

(ख) कार्यक्रम व्यवस्थापन कार्यका लागि अभियान र चेतनामूलक कार्यक्रम तर्जुमा गर्ने ।

(ग) परियोजना तथा कार्यक्रमहरुलाई प्रभावकारी, पारदर्शिरुपमा संचालन गराउन उपभोक्ता समिति, गैरसरकारी निकाय एवं संघ संस्थाहरुलाई आवश्यक निर्देशन गर्ने ।

(घ) गैर सरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको क्षमता अभिवृद्धि गर्न जनचेतना अभिवृद्धि सम्वन्धि नीति तथा कार्यक्रम तय गर्ने ।

(ङ) प्रचलित ऐन कानून तथा कार्यविधिले तोकेको मापदण्ड पालना नगर्ने उपर आवश्यक कारबाहीका लागि निर्देशन गर्ने ।

(च) व्यवस्थापनमा प्रभावकारिता ल्याउन विषयगत समितिको गठन गर्ने ।

**५) नियमन समितिको बैठक :**

क) सामान्यतया २ महिनामा एक पटक बस्नेछ । बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउनेछ । आवश्यकता महसुस भएमा नियमन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

ख) आवश्यकताअनुसार समितिको बैठकमा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, समन्वय अधिकारी, विषय विज्ञहरु, सरोकारवाला निकायका प्रमुखहरु, साझेदार निकायका प्रमुख तथा प्रतिनिधिहरुलाई आमन्त्रण गर्न सकिने छ ।

**६) नियमन समितिको कार्यकाल** :

नियमन समितिको कार्यकाल गाउ कार्यपालिकाका प्रमुखको कार्यकाल रहेसम्म हुनेछ ।

## परिच्छेद–३

## परियोजना तथा कार्यक्रम संचालन र व्यवस्थापन

**७) कार्यक्रम संचालन सम्वन्धि मापदण्ड :**

क) सार्वजनिक खरिद नियमावली २०६४ को दफा ९७ बमोजिम सुचिकृत गैरसरकारी संस्था वा उपभोक्ता समितिहरु मार्फत रु ९९ लाख ९९ हजार ९ सय उनान्सय सम्मको कार्यक्रमहरु संचालन गरिने छ ।

ख) रु ५ लाख सम्मको कार्यक्रमहरु संचालन गर्दा सम्वन्धित क्षेत्रको उपभोक्ता समिति, गैर सरकारी वा सरकारी स्वामित्वका निकायहरुसंग सार्वजनिक सूचना नगरी सुचिकृत संस्था वा उपभोक्ता समितिसंग लागत सहभागिता वा लागत सांझेदारी सम्झौता गरिनेछ ।

ग) लागत सांझेदारी कार्यक्रम संचालनका लागि सांझेदार संस्थाले कम्तीमा १५ प्रतिशत रकम सांझेदारी गर्नु पर्ने छ ।

घ) कुनै पनि कार्यक्रम संचालन गर्दा एउटा कार्यक्रमका लागि एक भन्दा बढी संस्था प्रत्यासी भएमा अनुसूची १ बमोजिम छनौट विधिमा जस्ले बढी अंक प्राप्त गर्दछ सोहीलाई छनौट गरिने छ । तर एक मात्र संस्था भएमा कम्तीमा २० अंक प्राप्त गर्नुपर्ने छ ।

**८) सूचिकृत गर्नु पर्ने :**

**क) संघ संस्थाहरु :** भुमे गाउपालिकासंग साझेदारीमा काम गर्न ईच्छुक गैर नाफामुलक सरकारी तथा गैर सरकारी संस्थाहरुले कुनैपनि समयमा देहायका कागजातहरु पेश गरी गाउपालिकामा तोकिएको शुल्क दाखिला गरी सुचीकृत गर्नुपर्ने छ।

१) संस्था दर्ता, नविकरण प्रमाण पत्रको प्रतिलिपी

२) स्थायी लेखा नम्वर तथा करचुक्ता प्रमाण प्रत्रको प्रतिलिपी

३) विधान र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी

४) संस्थाको क्षमता र जनशक्तिको विवरण

**ख) उपभोक्ता समितिहरु :** भुमे गाउपालिका अन्तरगत योजना निर्माण तथा कार्यान्वयन गर्न नियमानुसार गठित उपभोक्ता समितिहरुले देहायका कागजात सहित समिति सुचिकृत गराउनुपर्ने छ।

१) उपभोक्ता समिति गठन भएको निर्णय प्रतिलिपी

२) उपभोक्ता समितिमा रहेका पदाधिकारीहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

३) सुचिकृत गरिदिने भनी वडा कार्यालयको सिफारिस

४) क्रमागत योजना, दिर्घकालिन योजना भए गत आ.व.मा भएको कारोबारोको लेखापरीक्षण प्रतिलिपी

**९) कार्यक्रम प्रश्तावबारे सूचना गर्नु पर्ने :**

लागत साझेदारीमा आधारित कार्यक्रमहरु संचालन गर्नका लागि गाउपालिकाले आफ्नो स्वीकृत कार्यक्रमको शिर्षक खुलाई गाउपालिकाको सूचना पाटीमा वा स्थानीय वा छिमेकी पालिका तथा जिल्लाका स्थानीय पत्रपत्रिकामा वा वेवसाइट मध्ये कुनै एकमा आवश्यकताअनुसार गतिविधि र स्पेशिफिकेशन र आशातित लक्ष्यहरु निर्धारण गरी कम्तीमा ७ दिनको सूचना प्रकाशन गर्नुपर्ने छ।

**१० सूचीकृत मध्येबाट मात्र प्रश्ताव लिनु पर्ने**

गाउपालिकाले लागत सहभागीता एवं लागत साझेदारीमा आधारीत गतिविधी, कार्यक्रम, परियोजनाहरु संचालन गर्दा लागत साझेदारी प्रश्ताव माग गर्ने सूचना प्रकाशित गर्नु पूर्व गाउपालिकामा सुचिकृत भएका संघ संस्था वा उपभोक्ता समितिहरुबाट मात्र प्रश्ताव लिनुपर्ने छ।

**११ लागत साझेदारीका लागि प्राथमिकता निर्धारण गर्नु पर्ने**

क) गाउपालिकाले लागत सहभागिता एवं लागत साझेदारीमा आधारित गतिविधी, कार्यक्रम, परियोजनाहरु संचालन गर्दा टोल स्तरको गतिविधि भए टोलस्तरकै उपभोक्ता समिति वा गैरसरकारी निकायलाई, वडा स्तरको कार्यक्रम भए वडा स्तरको निकायलाई, रु २५ लाख रकम सम्मको कार्यक्रम भए गाउपालिकास्तरको निकायलाई नै प्राथमिकता दिनुपर्ने छ। तर प्राविधिक क्षमता, जनशक्ति र दक्षताका कारण स्थानीय स्तरमा त्यस प्रकारका संस्था वा सूचिकृत उपभोक्ता समितिहरुले कार्यक्रम संचालन गर्न नसक्ने देखिएमा कुनै पनि गैर नाफामुलक संस्थासंग सांझेदारी सम्झौता गर्न सकिने छ।

ख) रु. २५ लाख देखि रु ९९ लाख ९९ हजार नौ सय उनान्सय सम्मका कार्यक्रम संचालनका लागि कुनै पनि नेपाली नागरिकहरुबाट संचालन भएका निकायहरु, गैर नाफामुलक संघ संस्थाहरुलाई उनीहरुको अनुभव, दक्षता, क्षमता, प्रभावकारीता, लागत साझेदारी प्रतिशत, प्रश्तावनाको गुणस्तरीयता आदि विश्लेषण गरी अनुसूची १ बमोजिमको ढांचामा छनौट गरिने छ।

**१२) एउटै प्रकृतिका दुईवटा कार्यक्रम संचालन गर्न नहुने**

क) गाउँपालिका क्षेत्रभित्र एउटै उपभोक्ता समिति एवं एउटा संस्था मार्फत एउटै प्रकृतिका दुईवटा कार्यक्रम संचालन गर्न अनुमति दिन मिल्ने छैन। तर फरक फरक स्थानमा फरक फरक कार्यक्रम संचालन गर्न यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन।

**१३ स्थानीय समिति गठन गर्नु पर्ने :**

क) रु २५ लाख भन्दा माथिका योजना, परियोजना, कार्यक्रममा लागत साझेदारीमा काम गर्न इच्छुक कुनै पनि गैरसरकारी एवं सरकारी निकाय, उपभोक्ता समितिले स्थानीय सरोकारवाला व्यक्तिहरुको सहभागीतामा एक स्थानीय कार्यक्रम व्यवस्थापन तथा सहयोग समिति गठन गरी उनीहरुको काम कर्तव्य र अधिकार तोक्नु पर्नेछ।

ख) यसरी गठन गर्दा गाउँ कार्यपालिकाको प्रतिनिधिको रोहवरमा गठन गर्नु पर्नेछ।

ग) कार्यक्रम व्यवस्थापन तथा सहयोग समितिको कार्यालय, कार्यालय व्यवस्थापन, कर्मचारी व्यवस्थापन र उनीहरुको आवश्यक व्यवस्थापकीय खर्च आदीका लागि कुल लागत खर्चको २.५ प्रतिशतले हुन आउने गरी परियोजना प्रश्तावमा उल्लेख गरी माग गरेमा गाउपालिकाले त्यस्तो रकम उपलब्ध गराउन सक्ने छ। तर परियोजना प्रश्ताव र सम्झौतामा यो कुरा उल्लेख नभए भूक्तानी दिन मिल्ने छैन।

**१४) क्रमागत र दिर्घकालिन योजना बनाउन सकिने**

क) लागत साझेदारीमा आधारित १ वर्षे, ३ वर्षे, ५ वर्षे, १० वर्षे, योजनाहरुको विकास गरी क्रमागत बजेटको व्यवस्था गर्न सकिने छ। यस प्रकारका योजनाहरुमा पनि लागत साझेदारी परियोजना प्रश्ताव माग गरी सोही बमोजिम कायान्वयन गर्न सकिने छ।

ख) क्रमागत र दिर्घकालिन योजनाहरु निर्माण गर्दा गत आ.व.को तुलनामा एउटै परिमाण, लागत तथा एउटै स्थानमा त्यस्ता कार्यक्रम संचालन गर्दा वार्षिक १० प्रतिशत भन्दा बढी लागत अनुमान बढेमा त्यसप्रकारका परियोजना प्रश्तावहरु रद्ध गरिने छ।

**परिच्छेद ४**

**कार्यक्रमको प्रभावकारीता**

**१५) आधारभूत सर्भे गर्नुपर्ने ।**

क) ५० लाख भन्दा माथिका कुनै पनि कार्यक्रमहरु सन्चालन गर्दा सांझेदार संस्थाले उक्त कार्यक्रम सम्वन्धि आधारभुत सर्भे (Basic Line Survay) गर्नुपर्ने छ र उक्त सर्भे प्रतिवेदनलाई कार्यपालिकाको बैठकबाट ठिक छ भनी अनुमोदन गराउनुपर्ने छ ।

ख) आधारभूत सर्भे प्रतिवेदन कार्यपालिकाबाट अनुमोदन नभएमा कार्यपालिकाका सम्वन्धित समितिका प्रमुखलाई समेत सर्भे स्थलमा लिई पुन सर्भे गराउनुपर्ने छ । र उक्त प्रतिवेदन अनुमोदन गराउनु पर्ने छैन ।

**१६) प्रभाव अध्ययन गर्नुपर्ने**

क) ५० लाख भन्दा माथिका परियोजना तथा कार्यक्रमहरु सन्चालन गरेपछि आ.व. सम्पन्न भएको ३५ दिनभित्र देहायको विशेषज्ञ टोली मार्फत कार्यक्रमको प्रभाव अध्ययन गराईने छ ।

| | |
|---|---|
| १) जिल्ला समन्वय समितिका प्रमुख | संयोजक |
| २) गाउपालिकाकाका अध्यक्ष तथा उपाध्यक्ष मध्ये १ जना | सदस्य |
| ३) जिल्ला बाहिरका उपसचिव स्तरका सम्वन्धित विषयका कर्मचारी | सदस्य |
| ४) कार्यक्रम तथा परियोजना सम्वन्धि विषय विज्ञ | सदस्य |
| ५) कार्यक्रम संचालन भएका क्षेत्रका उपभोक्ताहरु मध्ये १ जना | सदस्य |
| ६) | सदस्य |
| ७) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

ख) प्रभाव अध्ययन प्रतिवेदन अनुसार आधारभूत सर्भे भन्दा कम्तीमा १५ प्रतिशत प्रगति (आधारभूत सर्भे प्रतिवेदन अनुसार प्राप्त अंकको १५ प्रतिशत) नभएमा उक्त कार्यक्रम संचालन नगर्ने वा गर्नै पर्ने भए साझेदार परिवर्तन गर्ने वा सन्चालनको विधि परिवर्तन गर्ने विषयमा कार्यपालिकाबाट निर्णय भए बमोजिम हुने छ ।

ग) १५ प्रतिशतभन्दा बढी प्रगति भएका कार्यक्रम तथा परियोजनाहरु साझेदार संस्थासंगको समन्वयमा स्वतः क्रमागत बनाई सोही स्थान र परिमाणमा काम गर्नुपर्ने भए १० प्रतिशत भन्दा बढी व्ययभार नहुने गरी पुनः सम्झौता थप गर्न सकिनेछ ।

**१७) गाउपालिका मातहतका निकायमा संलग्न कर्मचारी र पदाधिकारीहरुले सहयोग गर्नुपर्ने :**
नेपालमा प्रचलित ऐन, कानुन, कार्यपालिकाबाट जारी भएका अन्य ऐन, कानुन, कार्यविधि र यो कार्यविधिको भावना अनुसार गाउपालिका अन्तर्गतका सबै निकायमा कार्यरत कर्मचारी र संलग्न व्यक्तिले लागत सांझेदारी कार्यक्रम संचालनका बखत सम्बन्धित निकायलाई सहयोग गर्नुपर्नेछ, असहयोग गरेको पाइएमा निम्न बमोजिम कारबाही हुनेछ ।

(क) स्थायी कर्मचारी वा शिक्षकको हकमा प्रचलित कानुन अनुसार कारबाही हुनेछ ।

(ख) अस्थायी कर्मचारी वा शिक्षकको हकमा प्रचलित कानुन अनुसार निजको सेवाको म्याद नविकरण हुने छैन ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति वा उपभोक्ता समिति वा टोल विकास संस्था वा अन्य कुनै सार्वजनिक संस्थाका पदाधिकारीको हकमा उक्त जिम्मेवारीबाट अबकाश दिन आवश्यक प्रक्रिया अवलम्वन गरिनेछ ।

(घ) उपदफा (क), (ख) र (ग) अनुसार कारबाहीको भागिदार भैसकेपछि पनि असहयोग गरेको खण्डमा दफा ३ बमोजिम कालो सूचिमा सुचिकृत गरिनेछ ।

(ङ) उपदफा (क), (ख) र (ग) अनुसार कारबाही गर्नुपूर्व सम्वन्धित व्यक्तिलाई सफाईको मौका दिइनेछ ।

**१८) तोकिएका बाहेक गर्न नहुने :**

क) कुनै पनि साझेदार संस्थाले गाउपालिकासंग भएको सम्झौता बाहेक अन्य कार्य गर्न मिल्ने छैन । कुनै कारणवस अत्यावश्यक कार्य गर्नैपर्ने भएमा गाउपालिकामा निवेदन गरी कार्यपालिकाको अनुमतिबाट गर्नुपर्नेछ ।

## परिच्छेद ५

## कसुर, दण्ड, सजाय, जरीवाना र पुरस्कार

**१९. कसूरः**

(क) कुनै साझेदार संस्थाले तोकिएको वाहेक अन्य कार्य गरेमा, गराएमा वा स्थानीयवासीलाई उक्साउने वा गलत प्रचार गर्ने गरेमा वा स्थानीय शिक्षक, कर्मचारी, स्वास्थ्यकर्मीलाई गलत प्रयोग गरेमा वा कुनै श्रोतको दुरुपयोग गरेमा कसुर गरेको ठहर्ने छ ।

ख) कुनै पनि गतिविधि यस कार्यविधि बमोजिम कसुर हो भनी गाउपालिकामा गठित न्यायिक समितिले निर्धारण र फैसला गरे बमोजिम हुने छ ।

ग) आर्थिक गतिविधि, सामाजिक गतिविधि, सेवाको गुणस्तर, द्रुत सेवा प्रवाह आदिलाई मध्यनजर गरी कसुर हो होईन भन्ने मापदण्डका आधारमा न्यायिक समितिले निर्णय गर्ने छ ।

**२०. कालो सूचिमा नाम सुचिकृत गरिने :**

नेपालमा प्रचलित ऐन, कानुन, गाउपालिकाबाट जारी भएका अन्य ऐन, कानुन, कार्यविधि र यो कार्यविधि अनुसार कालो सूचिमा निम्नानुसार व्यक्ति वा संस्थाहरु सूचिकृत गरिनेछन् । उजुरी निवेदन, स्थानीय सुचना, गाउपालिकाको अनुगमन टोली वा प्राविधिकहरुको स्थलगत प्राविधिक प्रतिवेदन उपर चालिएको कारवाहीका आधारमा यो सूचि तयार गरिनेछ । सूचिको जानकारी सवै शाखा तथा वडा कार्यालयहरुमा समेत गराईनेछ ।

(क) गाउपालिका सम्वन्धी कानून बमर्वजिम जारी भएको आदेश नमान्ने,

(ख) गाउपालिकाको प्रतिकुल हुने गरी कुनै प्रतिकुल सूचना प्रवाह गरेमा ।

(ग) सांभ्रेदारी सम्झौता बमोजिम सेवा गुणस्तर नभएमा

(घ) पेश्की लिई तोकिएको समयभित्र पेशिक फर्छ्यौट गाउँमा

(ङ) गाउँ पालिकाको बाँकी वक्यौता, पेश्की, बेरुजु फछ्र्यौट नगर्ने,

(च) सार्वजनिक भवन, जग्गा वा अन्य सम्पत्ती गाउपालिकाको अनुमति नलिई प्रयोग गरेमा,

(छ) राजश्व तथा कर, सेवा शुल्क सम्वन्धी गाउँ पालिकाको नीति, आदेश उल्लंघन गर्ने,

(ज) आधारभूत बिबरण झुट्ठा पेश गरी राजश्व तथा कर, सेवा शुल्क छल्ने,

(झ) कानुन बमर्वजिम तोकिएको जरिवाना चुक्ता नगर्ने,

ञ) सुचिकृत गाउँ ी वा गैरकानूनी तरिकाले कार्यक्रम संचालन गरेमा ।

ट) आ.व.को समाप्ती पछि आवश्यक कागजातहरु गाउपालिकामा पेश गाउँमा

**२१. कालो सूचिमा सूचिकृत गर्ने वा सूचिबाट हटाउने कार्यविधिः**

कार्यविधिको नियम १० अनुसार कालो सूचिमा सूचिकृत गर्नु पर्ने कारण स्पष्ट भए पश्चात् नियम १२ बमर्वजिम गठित कार्यदलको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट गाउपालिका अध्यक्ष समक्ष पेश गरी कालो सूचिमा सुचिकृत गर्ने वा सूचिबाट हटाउने निर्णय हुनेछ । तर कालो सूचिमा सुचिकृत गर्नुअघि सम्बन्धित पक्षलाई आफ्नो सफाई पेश गर्ने वा आफ्नो कर्तव्य पालन गर्ने अवसर प्रदान गर्नु पर्नेछ ।

**२२. कालो सूचि कार्यान्वयन कार्यदल गठन :**

कालो सूचिमा सूचिकृत गर्न तथा सूचिकृत नाम हटाउन आवश्यक सिफारिस गर्न निम्नानुसारको कालो सूचि कार्यान्वयन कार्यदल गठन गरिनेछ ।

| | |
|---|---|
| क) उपभोक्ता हित संरक्षण शाखा प्रमुखः- | संयोजक |
| ख) राजस्व तथा आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ग) योजना तथा कार्यक्रम व्यवस्थापन शाखा प्रमुख | सदस्य |

**२३) सेवा, सुविधा रोक्का हुने :**

गाउपालिकामा सूचीकृत नभएका र दफा १२ बमोजिम को कालो सूची कार्यान्वयन कार्यदलको कालो सूचीमा परेका कुनै पनि संस्था वा उपभोक्ता समिति आदिलाई स्थानीय सरकारले संवन्धित निकायमा तत् सम्वन्धि सेवा सुविधा रोक्का गर्न पत्राचार गर्न सक्ने छ ।

**२४) सजाय :**

माथि उल्लेखि कसुर गरेको ठहर भएमा भएमा नियमन समितिले प्रचलित कानुनको आधारमा दण्ड, जरिवाना वा सजाय गर्ने छ ।

**२५) पुरस्कार दिन सकिने :**

साझेदार संस्थाले नवीनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा विभिन्न कार्यक्रमहरुको व्यवस्थापन कार्यमा योगदान गर्ने, स्थानीय सरकारको कार्यसम्पादन क्षमता वृद्धि हुनेखालका आवश्यक गतिविधिहरु संचालन गर्ने व्यक्ति वा संस्थालाई गाउपालिका र सम्वन्धित वडाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ ।

## परिच्छेद ६

## विविध

**२६) सार्वजनिक, निजी साझेदारी :**

**क)** गाउपालिका क्षेत्रभित्र लागत सांझेदारीमा आधारित कार्यक्रमहरुलाई अझ प्रभावकारी वनाउन कुनै नीजी क्षेत्रको सेवा, प्रविधि, प्राविधिक जनशक्ति आदिको आवश्यक रहेमा र निजी क्षेत्रले सांझेदारी गर्न चाहेमा स्थानीय सरकार, निजी क्षेत्र र गैर नाफामुलक संस्था बीच त्रिपक्षीय सम्झौता गरी कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन सकिने छ ।

**ख)** पालिकाको अत्याधिक महत्वको विषय, गाउपालिकास्तरका कुनै गौरवपूर्ण योजनाहरु निर्माण गर्नु पर्दा निजी क्षेत्र र यस गाउँ कार्यपालिकाको साझेदारीमा संचालन हुने गरी गौरबका योजनाहरु संचालन गर्न सकिने छ ।

**ग)** यसरी योजना परियोजनाहरु संचालन गर्दा निजी क्षेत्रको उल्लेख्य ग्यारेन्टी जमानी लिई वा सम्भाव्यता अध्ययन गरी साझेदारी गरिने छ ।

**२७) आन्तरिक नियन्त्र प्रणाली कार्यान्वयन गर्नुपर्ने :**

क) कुनै पनि सांझेदार संस्थाले सांझेदारी कार्यक्रम अन्तरगत सम्पादन गरिने कार्य मितव्ययी, औचित्यपूर्ण, प्रभावकारी, नियमितता र दक्षतापूर्ण तरिकाबाट संचालन गरी वित्तिय तथा लेखा प्रणालीलाई पारदर्शी ढंगबाट गर्नुपर्ने छ ।

ख) सांझेदार संस्थाले आन्तरिक अनुगमन प्रणालीको विकास गर्ने र गाउँपालिकाको अनुगमनबाट देखिएका त्रुटि तथा समस्याहरुलाई समाधान गर्नुपर्ने छ ।

ग) सांझेदार संस्थाले कार्यक्रमका गतिविधिहरु संचालन भैसकेपछि सामाजिक जवाफदेहिताका लागि सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई तथा संस्थाको

आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ ।

**२८) एकद्वार प्रणाली अवलम्वन गर्नुपर्ने :**

क) कुनै पनि सांझेदार निकायले गाउपालिका भित्र कुनै पनि कार्य संचालन गर्दा एकद्वार नीति अवलम्वन गरी गाउकार्यपालिकामा समन्वय गरी अनुमति लिई कार्यक्रम संचालन गर्नुपर्ने छ ।

ख) कार्यक्रम संचालन गर्नुपुर्व कार्यक्रम तथा गतिविधिको जानकारी गराउनु र कार्यक्रम सम्पन्न भएपछि आर्थिक तथा सामाजिक प्रतिवेदन स्थानीय सरकारलाई उपलव्ध गराउनु सांझेदार को कर्तव्य हुने छ ।

**२९) उपभोक्ता अधिकार संरक्षण :**

सांझेदार संस्थाले उपभोक्ता एवं सेवाग्राहि संग मितव्ययी व्यवहार गर्नुपर्दछ । उपभोक्ताको अधिकार हनन हुने गरी वा सेवाग्राहीलाई प्रत्येक्ष अप्रत्येक्ष नकारात्मक असर पर्ने गरी कुनै पनि कार्य गर्न हुदैन ।

**३०) नागरिकको कर्तव्य :**

क) कार्यक्रम संचालन भएको कार्यक्षेत्रको भौगोलिक अधिकार क्षेत्र वा परियोजनाको सेवा क्षेत्र भित्र संचालन हुने गतिविधिहरुका लागि समन्वयनात्मरुपमा आवश्यक सहयोग गर्नु सम्वन्धित नागरिकहरुको कर्तव्य हुनेछ ।

ख) कार्यक्रमलाई प्रभावकारी बनाउने अभियानमा प्रतिकुल कार्य गर्ने वा तोकिएका कसुर गर्ने व्यक्ति वा संस्थाको विषयमा खुला वा गोप्य सूचना दिनु नागरिकको कर्तव्य हुनेछ ।

**३१) अधिकार प्रत्यायोजन :**

यस कार्यविधिमा भएका कार्यहरु कुनै कार्यलाई वडा कार्यालयमा अधिकार दिन मनासिव भएमा नियमन समितिको सिफारिसमा गाउ कार्यपालिकाले वडा कार्यालयहरुलाई अधिकार प्रत्यायोजन गर्न सक्ने छ ।

**३२) व्याख्या गर्ने अधिकार :**

यो कार्यविधिको विषयमा कुनै टिप्पनी उठेमा वा दुईविधा भएमा उक्त विषयमा अन्तिम व्याख्या गर्ने अधिकार गाउकार्यपालिका समितिलाई हुनेछ ।

**३३) निष्कृय वा खारेजी :**

यो कार्यविधि नेपाल सरकारका ऐन, कानुन, नियमावली, कार्यविधिहरुसंग बाझिएमा वा तत् सम्बन्धि बलियो नयाँ कानून बनेमा बाझिएका दफा वा पुरै कार्यविधि निष्कृय भएको मानिने छ । गाउँ कार्यपालिकाको दुई तिहाई बहुमतबाट खारेज गर्न मनासिब देखिएमा कुनै पनि बखत खारेज हुनेछ ।

## अनूसुची १
## गैर सरकारी संस्था, उपभोक्ता समिति एवं प्रश्ताव छनौटका आधारहरु

**१) कार्यक्रमको पृष्टभूमी र उद्देश्य ५**

| सि.नं. | विवरण | भार अंक | कुनै एकमा संकेत गर्ने |
|---|---|---|---|
| क) | कार्यक्रमको स्पष्ट उदेश्य, कार्यक्रमको दिगोपनाको सुनिश्चितता, समस्याको पहिचान, सामाधानको विकल्प स्पष्ट पारेको, भाषिक शुद्धता, समावेशिकरण, नविनतम प्रविधिको प्रयोग, नया अवधारणाको प्रश्ताव, व्याण्डीङ डिजाईन आदि | ५ | |
| ख) | कार्यक्रमको स्पष्ट उदेश्य, कार्यक्रमको दिगोपनाको सुनिश्चितता, समस्याको पहिचान, सामाधानको विकल्प सामान्य प्रश्तुत गरेको | ३ | |
| ग) | कार्यक्रमको स्पष्ट उदेश्य, कार्यक्रमको दिगोपनाको सुनिश्चितता, समस्याको पहिचान, सामाधानको विकल्प अस्पष्ट भएको | १ | |

**२) संस्थाको भौतिक सम्पति विवरण ५**

| सि.नं. | विवरण | भार अंक | कुनै एकमा संकेत गर्ने |
|---|---|---|---|
| क) | कार्यालय वा कार्यालय भवन भएको, प्रत्याप्त फर्निचर, कम्प्यूटर वा अन्य सामाग्री भएको वा सामाग्रीको प्रयाप्तता | ५ | |
| ख) | कार्यालय वा कार्यालय भवन भएको, प्रत्याप्त फर्निचर, कम्प्यूटर वा अन्य सामाग्री भएको वा सामाग्रीको मध्ययम स्तर | ३ | |
| ग) | कार्यालय वा कार्यालय भवन नभएको, प्रत्याप्त फर्निचर, कम्प्यूटर वा अन्य सामाग्री नभएको वा सामाग्रीको अबस्था न्यून भएको | १ | |

**३) संस्थाको अनुभव वा कानुनी दायित्व विवरण ५**

| सि.नं. | विवरण | भार अंक | कुनै एकमा संकेत गर्ने |
|---|---|---|---|
| क) | पांच वर्ष पहिले संस्था दर्ता गरी संस्थालाई अध्यावधिक गरी साधारण सभा, लेखापरिक्षण, नविकरण, आवद्धता आदि पुरा गरेको | ५ | |

| | | | |
|---|---|---|---|
| ख) | एक आ.व.पूर्व संस्था दर्ता गरी संस्थालाई अध्यावधिक गरी साधारण सभा, लेखापरिक्षण, नविकरण, आवद्धता आदि पुरा गरेको | ३ | |
| ग) | चालु आ.व.मा संस्था दर्ता गरी संस्थालाई अध्यावधिक गरी साधारण सभा, लेखापरिक्षण, नविकरण, आवद्धता आदि पुरा गरेको | १ | |

**४) संस्थाको जनशक्ति विवरण ५**

| सि.नं. | विवरण | भार अंक | कुनै एकमा संकेत गर्ने |
|---|---|---|---|
| क) | अधिकृत, लेखापाल लगाएत कम्तीमा ३ जना कर्मचारी भएको | ५ | |
| ख) | कार्यालय सहायक कार्यालय सहयोगी मध्ये कम्तीमा १ जना | ३ | |
| ग) | कर्मचारी नभएको | १ | |

**५) संस्थाको अनुभव विवरण ५**

| सि.नं. | विवरण | भार अंक | कुनै एकमा संकेत गर्ने |
|---|---|---|---|
| क) | कुनै साझेदार, दातृ निकाय संग काम गरेको अनुभव १ भन्दा वढि भएको | ५ | |
| ख) | कुनै साझेदार संग काम गरेको अनुभव १ वटा सम्म भएको | ३ | |
| ग) | अनुभव नभएको | १ | |

**६) संस्थाको कार्यक्रम संचालन तथा पारदर्शिता सम्वन्धि प्रतिवद्धा विवरण ५**

| सि.नं. | विवरण | भार अंक | कुनै एकमा संकेत गर्ने |
|---|---|---|---|
| क) | परियोजना संचालन गर्दा पारदर्शिता कायम गर्न प्रतिवद्धताका साथ स्पष्टरुपमा उल्लेख गरेको | ५ | |
| ख) | परियोजना संचालन गर्दा पारदर्शिता कायम गर्न प्रतिवद्धताका साथ सामान्य उल्लेख गरेको | ३ | |
| ग) | केहि पनि उल्लेख नगरेको | १ | |

**७) कार्यक्रम तथा परियोजना प्रश्तावका आधारहरु ५**

| सि.नं. | विवरण | भार अंक | कूनै एकमा संकेत गर्ने |
|---|---|---|---|
| क) | परियोजना संचालन गर्न बजेट निर्धारण गर्दा पारदर्शि तरिकाले जिल्ला दररेट, कोटेशन वा अन्य पुष्ट्याईका आधार स्पष्ट राखेको | ५ | |
| ख) | परियोजना संचालन गर्न बजेट निर्धारण गर्दा पुष्ट्याईका सामान्य आधारहरु स्पष्ट राखेको | ३ | |
| ग) | केहि पनि उल्लेख नगरेको | १ | |

**८) लागत सहभागीता, गुणस्तर मापान र अनुगमन ५**

| सि.नं. | विवरण | भार अंक | कुनै एकमा संकेत गर्ने |
|---|---|---|---|
| क) | लागत सहभागीताका लागि कम्तिमा १५ प्रतिशत रकमको ग्यारेन्टी गरी गुणस्तर र अनुगमनको स्पष्ट खाका प्रस्ताव गरेको | ५ | |
| ख) | लागत सहभागीता, गुणस्तर र अनुगमनको सामान्य प्रस्ताव गरेको | ३ | |
| ग) | केहि पनि उल्लेख नगरेको | १ | |

**९) ग्यारेन्टी वा जमानी ५**

| सि.नं. | विवरण | भार अंक | कुनै एकमा संकेत गर्ने |
|---|---|---|---|
| क) | कूनै बैक, कम्पनी, निकाय वा दाताले थप अनुदान, ग्यारेन्टी वा जमानी लेखेको प्रमाण १ भन्दा वढि भएमा | ५ | |
| ख) | कूनै बैक, कम्पनी, निकाय वा दाताले थप अनुदान, ग्यारेन्टी वा जमानी लेखेको प्रमाण १ वटा मात्र भएमा | ३ | |
| ग) | केहि पनि उल्लेख नगरेको | १ | |

**१०) अन्य प्रस्तुति ५**

| सि.नं. | विवरण | भार अंक | कूनै एकमा संकेत गर्ने |
|---|---|---|---|
| क) | सांझेदार संस्थाको प्रतिनिधिले परियोजनाको विषयमा नविनतम प्रविधिको प्रयोग गरी उत्कृष्ट प्रश्तुति गरेमा | ५ | |
| ख) | सांझेदार संस्थाको प्रतिनिधिले परियोजनाको विषयमा नविनतम प्रविधिको प्रयोग गरी सामान्य प्रश्तुति गरेमा | ३ | |
| ग) | सांझेदार संस्थाको प्रतिनिधिले परियोजनाको विषयमा हेन्सआउट मात्र प्रयोग गरी सामान्य प्रस्तुति गरेमा | १ | |

**आज्ञाले,**

**चन्द्रसिंह श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**